# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूह, तह विहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**पाठ्यक्रमको रुपरेखाः-** यस पाठ्यक्रमको आधारमा निम्नानुसारका चरणमा परीक्षा लिइने छः-

**क. प्रथम चरणः** शारीरिक तन्दुरुस्ती परीक्षण — पूर्णाङ्कः ५४

**ख. द्वितीय चरणः** लिखित परीक्षा — पूर्णाङ्कः ४०

**ग. तृतीय चरणः** अन्तर्वार्ता — पूर्णाङ्कः ६

### परीक्षा योजना (Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उतिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या ×अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शारीरिक तन्दुरुस्ती परीक्षण | ५४ | - | प्रयोगात्मक | छनौट मात्र | - |
| द्वितीय | लिखित परीक्षा | ४० | १६ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ८०×०.५ अङ्क | ६० मिनेट |
| तृतीय | अन्तर्वार्ता | ६ | - | मौखिक | - | - |

**द्रष्टव्यः**

१. शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाको बुदा नं. (१) शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्नसक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन/ सूचना प्रकाशित गरिनेछ।शारीरिक परीक्षणमा तोकिएको मापदण्ड अनुसार नभएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ ।

२. प्रथम चरणको शारीरिक परीक्षण योजनाको बुदा नं. (१) बाट शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरुले मात्र शारीरिक तन्दुरुस्ती परीक्षण योजनाको बुदा नं. (२) को तन्दुरुस्ती परीक्षामा भाग लिन पाउने छन्। तन्दुरुस्ती परीक्षामा तोकिएका प्रत्येक इभेण्टहरुमा छनौट हुँदै गई सबै ईभेण्टहरुमा सफल भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणका लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली मात्र हुनेछ ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिने छ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

६. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा प्रथम चरणको तन्दुरुस्ती परीक्षाका विभिन्न इभेण्टका परीक्षणमा छनौट भएका मध्येबाट प्रथम चरणको तन्दुरुस्ती परीक्षामा प्राप्त अङ्क र द्वितीय चरणको लिखित परीक्षामा प्राप्त अङ्कको कुल योगका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार नै लिखित नतिजा प्रकाशन गरिनेछ ।

७. शारीरिक तन्दुरुस्ती परीक्षणको सिलसिलामा उम्मेदवारहरु दुर्घटनामा परेमा वा कुनै पनि किसिमको भवितव्य हुन गएमा उम्मेदवार स्वयम् जवाफदेही हुनु पर्नेछ ।

८. शारीरिक तन्दुरुस्ती परीक्षण स्रोत साधन उपलब्ध हुने तोकिएको स्थानमा मात्र संचालन हुनेछ ।

९. प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क, द्वितीय चरणको लिखत परीक्षाको अङ्क र अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१०. पाठ्यक्रम लागू मितिः २०७८/०७/३०

लोकसेवा आयोग

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

**प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूह, तह विहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना**

## क) प्रथम चरण :- शारीरिक तन्दुरुस्ती परीक्षणको योजना

### १) शारीरिक परीक्षण

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १. | उचाई | ५ फिट २ इन्च (५'२") | ५ फिट (५') |
| २. | छाती | ३१-३३ इन्च (३१"-३३") | x-x |
| ३. | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४. | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५. | Color Vision Test | रंग पहिचान सम्वन्धी दोष नभएको | रंग पहिचान सम्वन्धी दोष नभएको |

### २) तन्दुरुस्ती परीक्षा

| सि.नं. | परीक्षाका ईभेण्टहरु | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १. | २००मि.दौड | २० | यसपरीक्षाका इभेण्टहरु शुरु गर्दा सि.नं. १ देखि क्रमशः ४ सम्म गर्नु पर्नेछ । सि.नं. १ अर्थात अगाडिको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागी हुन पाउनेछैनन् |
| २. | ३000मि. दौड | २० | |
| ३. | रुख चढ्ने | ७ | |
| ४. | पौडी | ७ | |

## तन्दुरुस्ती परीक्षाको मूल्याङ्कन विधि

### (१) २०० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अंक** | **विवरण** | **अंक** |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६.१ सेकेन्ड वा सो भन्दा बढी | असफल | ४२.१ सेकेन्ड वा सो भन्दा बढी | असफल |

प्रदेश लोक सेवा आयोग

**(२)३००० मि.दौड**

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अंक** | **विवरण** | **अंक** |
| १२मिनेट सम्म | २० | १४मिनेट सम्म | २० |
| १२.१ मिनेटदेखि १४ मिनेट सम्म | १५ | १४.१ मिनेटदेखि १६ मिनेट सम्म | १५ |
| १४.१ मिनेटदेखि १६ मिनेट सम्म | १० | १६.१ मिनेटदेखि १८ मिनेट सम्म | १० |
| १६.१ मिनेट भन्दा बढी | असफल | १८.१ मिनेट भन्दा बढी | असफल |

**(३) रुख चढ्ने**

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अंक** | **विवरण** | **अंक** |
| ७मि. सम्म रुख चढ्ने | ७ | ५मि. सम्म रुख चढ्ने | ७ |
| ७मि. सम्मरुख चढ्न नसक्ने | असफल | ५मि. सम्मरुख चढ्न नसक्ने | असफल |

**(४) पौडी खेल्ने (नदी/नाला, पोखरी, ताल)**

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अंक** | **विवरण** | **अंक** |
| ५.५ मि. सम्मदुरी पौडी खेली तर्ने | ७ | ४.५ मि. सम्मदुरी पौडी खेली तर्ने | ७ |
| ५.५ मि. सम्मदुरी पौडी खेल्न नसक्ने | असफल | ४.५ मि. सम्मदुरी पौडी खेल्न नसक्ने | असफल |

प्रदेश लोक सेवा आयोग

## प्रदेश लोक सेवा आयोग
## सुदूरपश्चिम प्रदेश
## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूह, तह विहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

### ख) द्वितीय चरण:- लिखित परीक्षा

**निम्न लिखित विषयवस्तु सम्बन्धी सामान्य जानकारी/ज्ञान**

१. समग्रमा नेपालमा पाईने तथा विशेष गरि सुदूरपश्चिम प्रदेशमा पाईने वनजंगल, वनस्पति, वन्यजन्तुहरुको किसिम र वन प्रजातिहरुबारे जानकारी

२. समग्रमा नेपालमा पाईने तथा विशेष गरि सुदूरपश्चिम प्रदेशमा पाईने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको समान्य परिचय र उपयोगिता

३. वनजंगल संरक्षण तथा वन  अपराध नियन्त्रण, वन क्षेत्रमा गस्ति गर्दा ध्यान दिनु पर्ने कुराहरु

४. वन विकाससँग सम्बन्धी प्रचार प्रसारका तरिकाहरु, सामग्री तथा  तिनको उपयोगिता

५. वन र वन्यजन्तुजन्य अपराध र यस सम्बन्धी लागु हुने कानूनबारे सामान्य जानकारी

६. वन र वन्यजन्तुजन्य अपराध संग सम्बन्धीत हिरासतमा रहेका अभियुक्तहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु

७. वन मापन, रुख छपान, कटान, मुछान र घाटगद्दी

८. वन पैदावारहरुको ओसारपसार र टाँचा, सील

९. माउ रुख पहिचान, वीउ संकलन, नर्सरी  कार्य, विरुवा  उत्पादन र  वृक्षारोपण

१०. वन संरक्षणमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु (वन डढेलो, चोरी शिकार, अतिक्रमण र चरिचरण)

११. दुर्लभ तथा प्रतिबन्धित वनस्पति र वन्यजन्तुहरु

१२. वन्यजन्तुहरुको उद्धार र नियन्त्रण

१३. राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र र निजी वन विकास सम्बन्धी जानकारी

१४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुको सांगठनिक संरचना

१५. डिभिजन वन कार्यालयहरुको संरचना, कार्यजिम्मेवारी तथा कार्यप्रक्रियाबारे जानकारी

१६. वन ऐन,२०७६

१७. सुदूरपश्चिम प्रदेश वन ऐन,२०७७

१८. सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन,२०७७